## मूल्यांकनकर्ताहरुको समुदाय, नेपाल

## मूल्यांकनकर्ताहरुका लागि आचारसंहिता (२०७६)

मूल्यांकनकर्ताहरुको दायित्व विकास व्यवस्थापनमा बढ्दै गई रहेको सन्दर्भमा मूल्यांकनकर्ताहरुको समुदाय, नेपाल र अन्य पेशागत मूल्यांकनकर्ताहरुको स्वयंसेवी संस्थाहरु, स्वतन्त्र मूल्यांकनकर्ता एवं अन्य सरोकारवाला संस्थाहरुको सहयोग र सुझावमा मूल्यांकनकर्ताहरुको समुदाय, नेपालको तर्फ बाट नेपालमा विकास सम्बन्धि मूल्यांकनकर्ताहरुको लागि तपशिल बमोजिमको आचार संहिता तयार गरिएको छ ।

यी स्वघोषित आचार संहिताहरु नेपालको प्रचलित कानुनको अधिनमा रहि दिगो विकास प्रकृयालाई सहयोग पुऱ्याउनका लागि बनाइएकाले हामी यस समुदायमा संलग्न मूल्यांकनकर्ताहरु यी आचारसंहिताको पालना गर्नेछौं र अन्य मूल्यांकनकर्ताहरुलाई पनि पालनाका लागि हार्दिक अनुरोध गर्दछौं ।

**आचारसंहिताका मार्गदर्शक सिन्द्धान्तः**

विकास मूल्यांकनले स्थानिय परिस्थितीको उचित बिश्लेषण गरी सामाजिक न्यायलाई ध्यान दिई बृहत्तर समान विकासका लागि ध्यान दिने । मूल्यांकनले उद्धेश्य परक व्यवस्थित खोज गर्ने, मूल्यांकनको बेला व्यवसायिक नैतिकता, गोपनियता, निश्पक्षता, इमान्दारिता, गुणस्तरियता एवं आत्मनिर्णय सम्बन्धि अधिकार जस्ता सिन्द्धान्तहरुलाई अंगिकरण गर्ने । यसका साथै, लैङ्गिक समानता, समताका मापदण्ड, पूर्व सहमति तथा मूल्यांकनका सहभागिहरुमा पर्न जान सक्ने जोखिम वा क्षति बारे मूल्य मान्यताको पालना गर्ने ।

**आचार संहिता**

**१। गुणस्तरियता कायम गर्ने**

मूल्यांकनका क्रममा उल्लेखित न्यनतम मापदण्ड पुरा गर्न बस्तूगत तथा प्रामाणिक भई कार्य गर्नु पर्दछ । यसका लागि आवश्यक पर्ने मूल्यांकनको उद्धेश्य, विधि, प्रकृया एवं तरिका प्रयोग गर्न पर्ने हुन्छ । मूल्यांकनको उद्धेश्य अनुरुप तथ्याकं संकलन गरी विश्लेषण गर्ने र उपयुक्त सुझाव एवं सिकाईहरु प्रस्तुत गर्नुपर्ने हुन्छ । मूल्यांकन शर्तनामा अनुसारको भरपर्दो, गुणस्तरीय र पूर्ण मूल्यांकन सम्बन्धित सरोकारवालाहरुलाई  रिर्पोट दिनुपर्ने ।

**२। सहि प्रतिनिधित्व**

क। मूल्यांकनका सहभागिहरु छनौट गर्दा सुचना संकलन एवं विश्लेषण गर्दा मूल्यांकनको उद्धेश्य अनुरुप निश्पक्ष एवं स्वच्छ तवरले गर्ने ।

ख) तुलनात्मक रुपले शक्तिहीन वा अदृश्य रहेका वा अन्य हिसावले बहिष्करणमा परेका व्यक्ति वा समूहहरुको उचित प्रतिनिधित्व सुनिश्चित गर्न सचेत रहने ।

**३। निश्पक्षता, इमान्दारिता, गोपनियता एवं पूर्व सहमति**

क। मूल्यांकनका विभिन्न प्रकृयाहरुमा कुनै व्यक्ति, समुह, वर्ग वा उद्धेश्यमा निश्पक्ष भई बस्तुगत काम एवं बिंश्लेषण गर्ने ।

ख) अपेक्षित एवं बहिष्करणमा परेका व्यक्ति वा समुह वा अन्य विषय । सवालहरुमा (जस्तै वातावरण) निष्ठा र इमान्दारिता कायम गर्ने ।

ग) मूल्यांकनका प्रकृयामा नतिजाको दायरा, सीमितता, मूल्यांकन खर्च, आदि जस्ता विषयहरुमा सरोकारवालाहरु संग छलफल गर्ने, यदि आवस्यक परेमा परिमार्जन गर्ने, स्वार्थ बाझ्ने अवस्थामा यसवाट पर्ने प्रभावको बारेमा स्पष्ट खुलाउनु पर्ने, मूल्यांकनको बेलामा पहिले सहमति गरिए अनुरुप कार्य नभएमा त्यसको स्पष्ट उल्लेख गर्ने, मूल्यांकन विधि, प्रकृया लाभहरु र नतिजा सही रुपमा प्रस्तुत गर्ने र कसैले फेरबदल

ल्याउने प्रयास भएमा त्यसलाई रोक्ने । यदि कसैबाट मूल्यांकनबाट गलत सूचना आउने गरि विधि वा प्रकृया प्रस्तुत गरिएमा सो बारेमा सरोकारवालाहरुसंग छलफल गरी सुधार गर्ने वा आवश्यक परेमा मूल्याकंनको काम अस्विकार गर्ने ।

घ। मूल्यांकनबाट प्राप्त सम्बेदनशिल सूचनाका हकमा यसको व्यक्तिगत श्रोत नखुल्ने गरी व्यवस्थित गरिनु पर्दछ र विभेदमा पर्न गएका कुनै महिला वा अन्य व्यक्ति वा समूहहरु यस्ता सूचना प्रदान गरे वापत जोखिम वा बदलाको भागिदार बन्न नपर्ने कुरा सुनिश्चत गर्ने । यसका लागि निजी अन्तरकृया वा सर्वेक्षण गर्दा अरुले नसुन्ने गरि गर्ने, सहभागी व्यक्तिको सूचना अरु व्यक्तिलाई जानकारी नदिने, व्यक्ति वा समूहको पहिचान नखुल्ने गर्न समग्र विश्लेषण गर्ने र मूल्यांकन पश्चात संकलित सूचना सुरक्षित तवरले नष्ट गर्ने ।

ङ। सहभागीवाट सूचना लिनूभन्दा पहिला मूल्यांकनको उद्धेश्य, दायरा, सम्भाव्य फाइदा एवं जोखिम सुचना प्रयोग विधि, भाषा प्रयोग बारेमा स्पष्ट जानकारी दिइ  मौखिक वा लिखित स्वीकृती लिनू पर्ने । सहभागीले चाहिएको बेला सूचना प्रवाह प्रकृयाबाट बाहिरन सक्ने् वा सबै प्रश्नहरुको सूचना दिन आवश्यक नपर्ने । भाषा सूचनाकर्ताले स्पष्ट बुझ्ने हुनुपर्ने, नावालकको हकमा अभिभावकहरुवाट स्वीकृती लिनुपर्ने र सहभागीलाई मूल्यांकनको उद्धेश्य, विधी, प्रकृयाका बारेमा प्रश्न सोध्ने अवसर दिनुपर्ने ।

च। मूल्यांकनका सम्भावित सहभागीहरुलाई कुनै दबाब, त्रास वा सहभागी नभए वापत सजायको डर नहुने गरी स्वायत्त निर्णयकर्ताको रुपमा उक्त मूल्यांकनमा सहभागी हुने नहुने विषयमा उनीहरुले निर्णय गर्नका लागि आवश्यक पर्ने यथोचित समय तथा सूचना उपलब्ध गराउनु पर्ने ।

छ। मूल्यांकनको प्रकृया एवं विश्लेषणवाट विभिन्न विषय एवं क्षेत्रहरु जस्तै लैंगिक, बहिस्कृत समूदायको अधिकार, वातावरणीय परिस्थितीमा पर्न सक्ने अनपेक्षित एवम नकारात्मक प्रभाव नियाल्ने र त्यसको बारेमा सरोकारवालालाई जानकारी गराउने एवं त्यसको न्युनिकरणको लागि प्रयास गर्ने ।

## ४। क्षति नपुऱ्याउने सिद्धान्त परिचालन गर्ने

क) मूल्यांकनमा सहभागी हुने प्रकृया वा मूल्यांकनवाट प्राप्त नतिजा नकारात्मक वा आलोचनात्मक भएमा यस कारणबाट सहभागी उपर पर्न सक्ने अनावश्यक बोझ, जोखिम एवं हानी न्यूनिकरण गर्ने ।

ख) बिभेदमा परेका व्यक्ति वा समूहहरुका अधिकार हनन भएको वा लैंगिक असमानता भएको कारणबाट स्वतन्त्रतापूर्वक बोल्न नसक्ने जोखिम रहेको अवस्था प्रति सचेत रहने ।

## ५। जनसाधारणको सामान्य हित कल्याण सम्बन्धि दायित्वहरु

क। मूल्यांकन गराउने निकाय तथा अन्य सरोकारवालाहरुको आवश्यकतामा यथोचित सन्तुलन मिलाउने तथा तत्कालिन कार्य तथा नतिजा मात्र नहेरी तत् सम्बन्धि बृहत् मूल्य मान्यता, यसका प्रभावलाई मध्यनजर गर्दै समाज तथा सार्वजनिक हितलाई विचार गरि बस्तूगत राय दिने ।

**मूल्यांकनकर्ताहरुको समुदाय, नेपालको तर्फ बाट**

**रामचन्द्र** खनाल

**अध्यक्ष**

आषाढ, २०७६